## हिमालयन पावर पार्टनर लिमिटेड
## तेन्हौं बार्षिक साधारण सभा
## को
## निर्णय विवरण (माईन्युट)

१. **सभाको प्रारम्भ :**

यस हिमालयन पावर पार्टनर लिमिटेडको मिति २०८३/०३/१० मा बसेको सञ्चालक समितिको ८१औं बैठकको निर्णय अनुसार आज मिति २०८३ साल आषाढ ३२ गतेका दिन कम्पनीको तेन्हौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री गुरुप्रसाद ढकालज्यूको अध्यक्षतामा अम्रपाली ब्यांक्वेट, बालुवाटार, काठमाडौंमा बिहान ९:०० बजे देखि बसी निम्न बमोजिमको प्रस्ताव उपर छलफल तथा निर्णय पारीत गरी सभा सम्पन्न भयो ।

२. **सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) मा व्यवस्था भए अनुसार तेन्हौं वार्षिक साधारण सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयहरु सहितको विवरण खुलाई सभामा उपस्थितिको लागि शेयरधनीहरुलाई २०८३ साल असार ११ गते नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिका र १८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिका मा प्रकाशित गरिएको र उक्त सूचना, तेन्हौं वार्षिक प्रतिवेदन तथा अन्य कागजातहरु कम्पनीको वेबसाइटमा राखिएको थियो ।

३. **सभाको मिति, स्थान र समय :**

मिति: २०८३ साल आषाढ महिना ३२ गते बिहिबार ।
स्थान: अम्रपाली ब्यांक्वेट, बालुवाटार, काठमाण्डौ ।
सभा शुरु हुने समय: बिहान ९ बजे ।

४. **छलफलको विषयहरु :**

(क) <u>सामान्य प्रस्ताव</u>

१. सञ्चालक समितिको आ.ब. २०८१/०८२ को वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. वार्षिक आर्थिक विवरण, लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात तथा मिति २०८१ श्रावण १ देखि २०८२ आषाढ मसान्त सम्मको नाफा-नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण सम्बन्धी विषयमा छलफल गरी स्वीकृत गर्ने ।
३. आर्थिक वर्ष २०८२/०८३ का लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा
४. सञ्चालक समितिको निर्वाचन गर्ने सम्बन्धमा ।
५. स्वतन्त्र सञ्चालक नियुक्त गर्ने सम्बन्धमा ।

(ख) विशेष प्रस्ताव:

१. कम्पनीले सामाजिक उत्तरदायित्व अन्तरगत गरेको आर्थिक सहयोग रकम रु. १,४३,००० लाई अनुमोदन गर्ने सम्बन्धमा ।
२. कम्पनीको प्रबन्धपत्र र नियमावली संशोधन गर्ने सम्बन्धमा ।
३. कम्पनीको प्रबन्धपत्र र नियमावलीमा भएको संशोधन सम्बन्धित नियमनकारी निकायहरुबाट कुनै संशोधन, फेरबदल वा थपघट गर्न कुनै सुझाव वा निर्देशन प्राप्त भएमा वा त्रुटी सच्याउनु परेमा सोही बमोजिम आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

(ग ) विविध सम्बन्धमा ।



Himalayan Power Partner Ltd. HPP Kathmandu

## ५ उपस्थिति

**संचालकहरु**

| | |
|---|---|
| श्री गुरुप्रसाद ढकाल | अध्यक्ष |
| श्री अम्विका प्रसाद पौडेल | सञ्चालक |
| श्री महेन्द्र राज अधिकारी | सञ्चालक |
| श्री सूर्य प्रसाद अधिकारी | सञ्चालक |
| डा.हेमन्त कुमार दबाडी | स्वतन्त्र सञ्चालक |

**संस्थापक**

| | |
|---|---|
| श्री चन्द्रप्रसाद ढकाल | पूर्व अध्यक्ष |

**पदाधिकारीहरु**

| | |
|---|---|
| श्री बिनय के.सी. | कम्पनी सचिब |
| श्री उमेश कुमार बस्नेत | वरिष्ट लेखा अधिकृत |

**अन्य उपस्थिति**

| | |
|---|---|
| श्री कृष्ण शर्मा | प्रतिनिधि-कम्पनी रजिष्ट्रारको कार्यलय |

**शेयरधनीहरुको उपस्थिती :**

| | |
|---|---|
| स्वयम उपस्थित | २३२ जना |
| प्रतिनिधिमार्फत उपस्थित | २७९ जना |
| जम्मा उपस्थित : | ५११ जना |

## ६ गणपुरक संख्याको विवरण :

| विवरण | कूल संख्या | स्वयं उपस्थिति | प्रतिनिधि मार्फत उपस्थिति | जम्मा उपस्थिति | कुल विक्री शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयर कित्ता संख्या | १,५९,८१,२५५ | ३२,१७,०७४ | ५०,४८,३२५ | ८२,६५,३९९ | ५१.७२% |
| शेयरधनी संख्या | | २३२ | २७९ | ५११ | – |

## ७. सभाको बैधानिकता :

(क) यो सभा कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली बमोजिम बोलाइएको र कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा २ तथा कम्पनीको नियमावलीको नियम २३ बमोजिम बाँडफाँड भएको कूल शेयर संख्याको पचास प्रतिशत भन्दा बढि शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्धारा उपस्थित हुनु पर्ने प्रावधान रहेकोमा कम्पनीको तेन्हौं बार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिर जनाउने शेयरधनीको संख्या ५११ जना र कूल बाँडफाँड भएको शेयरको ५१.७२ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभामा गणपुरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

(ख) कम्पनीको नियमावली अनुसार साधारण सभाको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्ने प्रावधान बमोजिम विहान ९:०० बजे अध्यक्ष श्री गुरुप्रसाद ढकालज्यूको अध्यक्षतामा कम्पनीको तेर्‍हौं वार्षिक साधारण सभा सुरु भयो ।

## ८ वार्षिक साधारण सभामा सञ्चालक समितिको वार्षिक प्रतिवेदनको प्रस्तुति

सभाको अध्यक्ष श्री गुरुप्रसाद ढकालज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिबादन गर्दै पूर्व निर्धारित छलफलको बिषय सूचि सहित आफ्नो मन्तव्य तथा आ.व. २०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिबेदन, लेखापरिक्षकको प्रतिवेदन, वित्तिय विवरण तथा कम्पनीको प्रगती विवरण पढेर सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नु भयो ।

## ९ छलफलको लागि आव्हान र शेयरधनी महानुभाहरुको व्यक्त धारणा, जिज्ञासा तथा सुझाब

कम्पनी सचिवले, पेश भएका छलफलको विषयहरु तथा प्रतिवेदनहरुका सम्बन्धमा उपस्थित शेयरधनी महानुभावहरुलाई आफ्नो जिज्ञासा, राय सल्लाह, सुझाब राख्न अनुरोध गर्नु भयो । कम्पनीका देहायका शेयरधनीहरुले निम्न बमोजिम जिज्ञासा, राय सल्लाह, सुझाव राख्नु भयो ।

**(क) श्री उत्तम दत्त पाण्डे**
वर्षायामको विजुली नेपाल विद्युत प्राधिकरणले नलिएको कारण कम्पनीको रु. ४३ करोडको विद्युत खेर गएकोमा दुःख व्यक्त गर्नु भयो । कम्पनीको वित्तिय विवरण पोजिटिभ भएकोमा उत्साह व्यक्त गर्दै आगामी वर्षमा कम्पनीको साधारण सभा समयमै गर्न सुझाव दिनु भयो । साथै आयोजनाको सम्पति बिमा के गरिएको छ भनी प्रश्न गर्नु भयो ।

**(ख) श्री शत्रुघन श्रेष्ठ**
नेपाल विद्युत प्राधिकरणले आफूले बनाउनु पर्ने ट्रान्स्मीसन लाइन समयमा बनाउन नसकेको कारण कम्पनीको विजुली खेर गएकोमा दुःख व्यक्त गर्नु भयो ।

**(ग) श्री उद्धव प्रसाद धिमिरे**
कम्पनीलाई समयमा नै वार्षिक साधारण सभा गर्न, आयोजनाका बारेको भिडियोद्वारा शेयरधनीहरुलाई जानकारी दिन तथा वार्षिक प्रतिवेदन तयार गर्दा ग्राफिकल प्रिजेन्टेशन गर्न सुभाव दिनु भयो ।

**(घ) श्री बम्हदेव शाक्य**
नेपाल विद्युत प्राधिकरणले कम्पनीको वर्षायामको सम्पूण बिजुली नकिन्दा कम्पनीको रु. ४३ करोडको आम्दानी खेर गएकोमा दुख व्यक्त गर्नु भयो । नेपालका अधिकांश जलविद्युत आयोजनाहरुले यो समस्या भोग्नु परेकोलाई देशको विडम्वना हो भनी बताउनु भयो । साथै भविष्यमा यस्तो नहोस भनी कामना समेत गर्नु भयो । नेपाल विद्युत प्राधिकरणबाट लिनु पर्ने रु. ३१ करोड उठाउन व्यवस्थापनलाई पहल गर्न सुझाव दिनु भयो । साथै निर्वाचित हुने सञ्चालक समितिका पदाधिकारीहरुलाई अग्रिम शुभकामना समेत दिनु भयो ।

**(ङ) श्री बैजू नाथ रोनियार**
कम्पनीबाट लाभांश नपाए पनि यो आर्थिक वर्षमा हकप्रद शेयर पाएकोमा आफू खुशी नै रहेको कुरा बताउनु भयो । आगामी वर्ष लाभांश पाउनेमा आफ्नो विश्वास व्यक्त गर्नु भयो ।

**(च) श्री युगल बसेल**
कम्पनीले व्यवसायिक उत्पादन गरेको ३ आर्थिक वर्ष हुदा पनि लाभांश बितरण गर्न नसकेको भएता पनि आर्थिक विवरण विश्लेशन गर्दा निरास नै भैहाल्न पर्ने अवस्था नरहेको बताउनु भयो । उहाले वित्तिय खर्च शिर्षकमा देखाइएको लोन प्रिपेमेन्ट चार्ज भनेको के हो भनी प्रश्न समेत गर्नु भयो । साथै वार्षिक प्रतिवेदन तयार गर्दा विगत वर्षहरुका सूचकहरु राख्न, प्रतिवेदनको प्रस्तुती सुधार गर्न तथा आगामी वर्ष वार्षिक साधारण सभा समयमा नै गर्न सुझाव दिनु भयो ।

(छ) **श्री निरुपमा गुप्ता**
यस कम्पनीबाट लगानीकर्ताहरुलाई हालसम्म पनि लगानीको प्रतिफल नआएकाले आगामी वर्षमा अवश्य पाउने छौ भनी आशा व्यक्त गर्नु भयो । त्यसै गरी वार्षिक साधारण सभामा आयोजनाका बारेमा श्रव्यदृष्य द्धारा जानकारी गराउन तथा जल विद्युत मात्र नभई वायु तथा सौर्य उर्जाको क्षेत्रमा पनि लगानी बिस्तार गर्न सुझाव दिनु भयो ।

(ज) **श्री डमरु बल्लभ धिमिरे**
कम्पनीको आर्थिक विवरणमा सुधार आई कम्पनी नाफामा जान सफल भएको र कम्पनीले ढिलै भए पनि यही आर्थिक वर्षमा वार्षिक साधारण सभा गरेकोमा खुशी व्यक्त गर्नु भयो । साथै आगामी वर्ष लाभांश प्राप्त गर्ने कुरामा आफू विस्वस्त रहेको कुरा व्यक्त गर्नु भयो । त्यसै गरी आगामी वर्ष वार्षिक साधारण सभा समयमा नै गर्न पनि सुझाव दिनु भयो ।

(झ) **श्री रोज कुमार श्रेष्ठ**
यस वर्ष कम्पनी नाफामा रहेको र कम्पनीका आर्थिक परिसूचकहरु घनात्मक रहेकोमा आफू उत्साहित रहेको कुरा बताउनु भयो । लाभांश प्राप्त गर्न नसकेको कारण नेपाल विद्युत प्राधिकरणबाट लिनु पर्ने रु. ३१ करोड नउठेको कारण देखाएकोमा हाल सो रकम के कति प्राप्त भयो भनी प्रश्न गर्नु भयो । २०८३ श्रावन देखि कम्पनीको विद्युतगृह पूर्णरुपमा संचालन हुने कुराले आगामी दिनमा कम्पनीका आम्दानी बृद्धि भई वित्तिय अवस्था सुधार हुने र लाभांश समेत पाउने अबस्था पुग्ने भएकोले आफू खुशी भएको कुरा बताउनु भयो ।

(ञ) **श्री राजकाजी रंजित**
कम्पनीको वार्षिक साधारण सभा समयमा गर्न तथा खर्चमा मितव्ययिता अपनाउन सुझाव दिनु भयो ।

त्यसै गरी कम्पनीका शेयरधनीहरु श्री इन्द्रप्रसाद लामिछाने, श्री गोबिन्द बहादुर के.सी. श्री चन्द्र नारायण श्रेष्ठ, प्रो.डा. श्री रामजी प्रसाद पण्डित, श्री भेष राज भण्डारी, श्री सुदिप श्रेष्ठ, श्री जगनाथ आचार्य, रोशन कुमार श्रेष्ठ, र श्री कृष्णप्रसाद अधिकारी बाट लिखित सुझाव/जिज्ञासा प्राप्त भएको थियो । अधिकांश शेयरधनीहरुले लिखित रुपमा हालसम्म पनि लाभांश पाउन नसकेको कारण तथा समयमा नै वार्षिक साधारण सभा हुन नसकेको कारण सोधेका थिए । केहि शेयरधनीहरुले कम्पनीको आर्थिक विवरण पोजिटिभ भएकोमा खुशी व्यक्त गरेका थिए ।

शेयरधनीहरुले आफ्नो जिज्ञासा, राय सल्लाह, सुझाब राखी सके पछि ती जिज्ञासाहरुलाई सम्बोधन कम्पनीको अध्यक्ष श्री गुरुप्रसाद ढकालले गर्नु भएको थियो । उहाले गर्नु भएको सम्बोधन संक्षेपमा निम्न वमोजिम रहेको छ ।

(१) कम्पनीले अघिल्ला वर्षहरुमा समयमा नै वार्षिक साधारण सभा गरेको र यस वर्ष हकप्रद शेयर जारीको प्रक्रिया पुष महिना अघि नै शुरु भैसकेकाले उक्त प्रक्रियको विचमा वार्षिक साधारण सभा गर्न कठिनाई भएको कुरा बताउनु भयो । हकप्रद शेयर जारीको सम्पूर्ण प्रक्रिया पुरा भएकोले ढिलै भए पनि यहि आर्थिक वर्षमा भित्र पर्ने गरी गर्नु पर्छ भन्ने भावनाका साथ वार्षिक साधारण सभा गरेको जानकारी दिनु भयो । साथै आगामी वार्षिक साधारण सभा समयमा नै गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नु भयो ।

(२) नेपाल विद्युत प्राधिकरणबाट Dispatch Instruction दिए बापतको दाबी रकम हालसम्म पनि प्राप्त नभएको र लिनका लागि पहल भैरहेको जानकारी दिनु भयो ।

(३) दोर्दी खोला जलविद्युत आयोजनाको सम्पूर्ण संरचनाहरु सुरक्षित रहेको, बाढी पहिरोले कुनै क्षति नगरेको तथा प्राकृतिक प्रकोप र अन्य भैपरि आउने जोखिम बाट हुने क्षतिको बहन गर्न सम्पति बिमा र लस अफ प्रोफिट बिमा समेत गरेको कुरा जानकारी गराउनु भयो ।

(४) कम्पनीले दोर्दी खोला जलविद्युत आयोजनाको निर्माणकार्य सम्पन्न भई सञ्चालनमा नआएसम्म अन्य आयोजनामा लगानी नगर्ने निती लिएको तथा सहवित्तियकरण बैंकहरुसंग भएको ऋण सम्झौता बमोजिम ऋण तिर्ने सुनिस्चितता नभए सम्म लगानी गर्न नपाइने प्रावधानका कारण अन्य आयोजनामा लगानी नगरिएकोमा हाल आगामी दुई बर्ष भीत्रमा सम्पन्न गर्नेगरि निर्माणको काम भैरहेको मध्य कालीगण्डकी

जल विद्युत आयोजनाको ( ६६.३ मे.वा.) स्वपूँजीमा रु चार करोड लगानी गरिसकिएको र उक्त आयोजनामा रु ४३ करोड सम्म लगानी गर्न सकिने जानकारी समेत दिनु भयो । साथै जल विद्युत आयोजनमा मात्र नभई वायु तथा सौर्य उर्जाको क्षेत्रमा पनि लगानी बिस्तार गर्न अध्ययन गरिने कुरा बताउनु भयो ।

(५) वित्तिय खर्च शिर्षकमा देखाइएको लोन प्रिपेमेन्ट चार्ज भनेको बढी व्याजदर भएको बैंकबाट कम व्याजदर भएको बैंकमा ऋण सार्दा राष्ट्र बैंकको नियम अनुसार तोकिएको समय भन्दा अगाडी ऋण भुक्तानी गर्दा लाग्ने शुल्क रहेको जानकारी गराउनु भयो । साथै लिखित रुपमा आएका सुझावहरु मार्गदर्शनको रुपमा रहेने जानकारी पनि गराउनु भयो ।

(६) व्यवस्थापन खर्च कम गर्ने प्रयास भैरहेको तथा कमश घट्दै गैरहेको पनि जानकारी गराउनु भयो ।

**१०. सभाबाट भएका निर्णयहरु :**

**(क) <u>सामान्य प्रस्ताव उपर छलफल तथा निर्णय</u>**

**१. सञ्चालक समितिको आ.ब. २०८१/०८२ को बार्षिक प्रतिवेदन पारित गर्ने ।**

सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री गुरुप्रसाद ढकालज्यूले प्रस्तुत गर्नु भएको आ. ब. २०८१/०८२ को बार्षिक प्रतिवेदन उपर छलफल गरी उक्त बार्षिक प्रतिवेदन सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो ।

**२. वार्षिक आर्थिक विवरण, लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात तथा मिति २०८१ श्रावण १ देखि २०८२ आषाढ मसान्त सम्मको नाफा-नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण सम्बन्धी विषयमा छलफल गरी स्वीकृत गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात तथा मिति २०८१ श्रावण १ देखि २०८२ आषाढ मसान्त सम्मको नाफा-नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण सम्बन्धी विवरण पारित गरियोस भनी सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाले सर्वसम्मतिबाट उक्त प्रस्ताव पारित गऱ्यो ।

**३. आर्थिक बर्ष २०८२/०८३ का लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्न ।**

कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८२/०८३ को लेखा परिक्षण गर्न लेखा परिक्षण समितिको सिफारिसमा लेखापरीक्षक PYC & Associates, Chartered Accountants संस्थालाई लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाले मु.अ. कर बाहेक एकमुष्ट पारिश्रमिक रु. २२०,०००/- (अक्षरुपीः रु. दुई लाख बीस मात्र) दिने गरी लेखापरीक्षक PYC & Associates, Chartered Accountants संस्थालाई नियुक्त गर्ने उक्त प्रस्ताव सर्वसम्मतिले पारित गऱ्यो ।

**४. सञ्चालक समितिको निर्वाचन गर्ने सम्बन्धमा ।**

वर्तमान सञ्चालक समितिको ४ वर्षे कार्यकाल समाप्त भएकोले सञ्चालक समितिको निर्वाचन गर्न गराउनका लागि सञ्चालक समितिको मिति २०८३/०३/१० को बैठकको निर्णय अनुसार वरिष्ट अधिवक्ता श्री बिष्णु प्रसाद बाँस्कोटालाई निर्वाचन अधिकृत नियुक्त गएिकोमा निजले सञ्चालक समितिको निर्वाचन गर्न २०८३/०३/२२ मा निर्वाचन कार्यक्रम समेत प्रकाशन गरी निर्वाचन सम्बन्धि तोकिएका सम्पूर्ण कार्यकम सम्पन्न भएको जानकारी गराउदै संस्थापक शेयरधनी समूहबाट उम्मेदवारी दर्ता गराएका श्री चन्द्र प्रसाद ढकाल, श्री स्वेच्छा ढकाल र सर्वरसाधारण शेयरधनी समूहबाट उम्मेदवारी दर्ता गराएका श्री अर्जुन पौडेल शर्मा, श्री स्वरुप ढुङ्गाना, श्री निर्मल अधिकारी र श्री अम्बिका प्रसाद पौडेलले उम्मेदवारबाट आफ्नो नाम फिर्ता लिए पश्चात निर्बाचन गर्नु पर्ने पद संस्थापक शेयरधनी समुहबाट ४ भएकोमा श्री गुरुप्रसाद ढकाल, श्री महेन्द्र राज अधिकारी र श्री अतुल आचार्य गरी ३ जनाको मात्र उम्मेदवारी कायम



Himalayan Power Partner Ltd. HPP Kathmandu

रहेको तथा सर्बसाधारण शेयरधनी समुहबाट श्री दिबाकर पौडेल र श्री हेमन्त राज पाण्डेय गरी २ जना मात्र उम्मेदवारी कायम भएकाले देहाय बमोजिमका उम्मेदवारहरु निर्बिरोध निर्वाचित भएको घोषणा गर्नु भयो ।

**संस्थापक शेयरधनीबाट निर्विरोध निर्वाचित सञ्चालक:**

(क) श्री गुरुप्रसाद ढकाल
(ख) श्री महेन्द्र राज अधिकारी
(ग) श्री अतुल आचार्य

**सर्बसाधारण शेयरधनीबाट निर्विरोध निर्वाचित सञ्चालक:**

(क) श्री दिबाकर पौडेल
(ख) श्री हेमन्त राज पाण्डेय

निर्वाचन अधिकृतले उल्लेखित शेयरधनीहरु ४ वर्ष पदाबधिका लागि कम्पनीको संचालकमा निर्विरोध निर्वाचित भएको कुरा सभामा पढेर जानकारी गराउनु हुदै नवनिर्वाचित संचालकहरुको कार्यकालको सफलताको कामना सहित निर्वाचनको सम्पूर्ण कार्यक्रम सम्पन्न भएको घोषणा गर्नु भयो । साथै निर्वाचन अधिकृतले सञ्चालक निर्वाचन सम्बन्धि गरेको घोषणालाई सभाबाट अनुमोदन गरियो ।

**५. स्वतन्त्र सञ्चालक नियुक्त गर्ने सम्बन्धमा ।**

स्वतन्त्र सञ्चालक नियुक्तिका सम्बन्धमा सञ्चालक समितिले कम्पनी ऐन २०६३ तथा कम्पनीको नियमावलीको नियम २९ मा भएको प्रावधान अनुसार योग्यता र अनुभव पुगेको तपसीलका व्यक्तिहरु मध्ये एक जनालाई स्वतन्त्र सञ्चालक नियुक्ति गरियास् भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट डा. हेमन्त कुमार दवाडीलाई स्वतन्त्र सञ्चालक नियुक्ति गर्ने निर्णय गऱ्यो ।

<u>तपसील</u>

| क.स. | नाम | योग्यता | अनुभव |
|---|---|---|---|
| १ | डा. हेमन्त कुमार दवाडी | अर्थ शास्त्र पिएचडी | आर्थिक नीति, योजना, कार्यक्रम तथा ब्यबस्थापनमा ३८ बर्षको अनुभव । |
| २ | बाबुराम भण्डारी | बन बिज्ञानमा स्नातकोत्तर | नेपाल सरकार, निजामति सेबामा ३९ बर्ष काम गरि बन बिभागको निर्देशक (सहसचिब) पदबाट सेबा निबृत । |
| ३ | ई.बाबुराम उपाध्याय | कन्स्ट्रक्सन मेनेजमेन्टमा स्नातकोत्तर | सम्बन्धित बिषयमा ३१ बर्षको अनुभव । |

## (ख) विशेष प्रस्ताव उपर छलफल तथा निर्णय

**१. कम्पनीले सामाजिक उत्तरदायित्व अन्तरगत गरेको आर्थिक सहयोग रकम रु. १,४३,००० लाई अनुमोदन गर्ने सम्बन्धमा ।**

कम्पनीले सामाजिक उत्तरदायित्व अन्तरगत गरेको आर्थिक सहयोग रकम रु. १,४३,००० लाई अनुमोदन गरियोस् भनी सभा समक्ष प्रस्ताव पेश भएकोमा उक्त प्रस्ताव सर्वसम्मतिले पारित गऱ्यो ।



Himalayan Power Partner Ltd. HPP Kathmandu

२. **कम्पनीको प्रबन्धपत्र र नियमावली संशोधन गर्ने सम्बन्धमा ।**

कम्पनीको प्रबन्धपत्र र नियमावलीका प्रावधानहरु संशोधन गर्ने सम्बन्धमा प्रस्ताव पेश भएकोमा सभाले सर्वसम्मतिबाट देहाय बमोजिम हुने गरी प्रबन्धपत्रका दफा र नियमावलीको नियम संशोधन गर्ने निर्णय गऱ्यो ।

**(क) प्रबन्धपत्रमा भएको संशोधन ।**

**दफा ८ शेयर खरिद वा हक हस्तान्तरण गर्न कुनै बन्देज रहेको भए सो कुरा :**

(१) शेयरधनिले हकप्रद शेयर खरिद गर्ने हक हस्तान्तरण गर्न चाहेमा निजले चाहेको व्यक्तिलाई शेयर खरिद गर्ने हक हस्तान्तरण गर्न सक्नेछ ।
शेयर खरिद तथा हस्तान्तरण गर्न बन्देज सम्बन्धि अन्य व्यवस्था कम्पनी ऐन, धितोपत्र कारोबार सम्बन्धी कानुन तथा अन्य प्रचलित कानुनमा उल्लेख भए बमोजिम हुनेछ ।

**(ख) नियमावलीमा भएको संशोधन ।**

**नियम २७ सञ्चालक समितिको गठन, संख्या र कार्यकाल :**

(२) यस कम्पनीमा शेयरधनीहरुको सहमतिबाट मनोनित वा शेयरधनीहरुबाट निर्बाचित ६ (छ) जना र स्वतन्त्र (विशेषज्ञ) सञ्चालक १ (एक) जना गरि जम्मा ७ (सात) जनाको सञ्चालक समिति रहनेछ ।

३. **कम्पनीको प्रबन्धपत्र र नियमावलीमा भएको संशोधन सम्बन्धित नियमनकारी निकायहरुबाट कुनै संशोधन, फेरवदल वा थपघट गर्न कुनै सुझाव वा निदेशन प्राप्त भएमा वा त्रुटी सच्याउनु परेमा सोही बमोजिम आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।**

कम्पनीको प्रबन्धपत्र र नियमावलीमा भएको संशोधन सम्बन्धित नियमनकारी निकायहरुबाट कुनै संशोधन, फेरवदल वा थपघट गर्न कुनै सुझाव वा निर्देशन प्राप्त भएमा वा त्रुटी सच्याउनु परेमा सोही बमोजिम आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गरियोस भनी सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाले सर्वसम्मतिबाट उक्त प्रस्ताव पारित गऱ्यो ।

११ **धन्यवाद ज्ञापन :**

शेयरधनी महानुभावहरुलाई कम्पनीको लक्ष्य प्राप्तिको लागि सञ्चालक समिति सधै प्रयन्नशिल रहेका र उहाहरुको सल्लाह तथा सुझाव कम्पनीको लागि मार्गदर्शनको रुपमा रहने कुरा व्यक्त गर्दै उपस्थित सम्पुर्ण शेयरधनी महानुभावहरु, नियमनकारी निकायहरु, लेखापरीक्षक, संचारकर्मी, तथा ऋण प्रवाह गर्ने बैंक तथा वित्तिय संस्थाहरु लाई धन्यवाद ज्ञापन गरी अध्यक्षज्युबाट सभा सम्पन्न भएको घोषणा गर्नु भयो ।

..........................
बिनय के.सी.
कम्पनी सचिव

Himalayan Power Partner Ltd. HPP Kathmandu

..........................
गुरुप्रसाद ढकाल
अध्यक्ष
मिति २०८३/०३/३२